# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र


ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७, ललितपुर, चैत्र २ गते, २०८० साल, अतिरिक्ताङ्क १२


## भाग - २

## ललितपुर महानगरपालिका

### बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८०

ललितपुर महानगरपालिका क्षेत्रमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका

सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन तथा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र ललितपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकीकृत कार्यविधि,२०८०” रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशित मितिबाट लागु हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(२) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनुपर्दछ ।

(३) "उपप्रमुख" भन्नाले ललितपुर महानगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(४) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(५) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ लाई सम्झनुपर्छ ।

(६) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ ।

(७) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्न महानगरपालिका भित्र क्षेत्राधिकार लिई सञ्चालनमा रहेका संस्था सम्झनुपर्छ ।

(८) "बाल क्लब (बालक्लब/मचा पुचः)" भन्नाले बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि अठार वर्ष पूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा

व्यवस्था भए अनुसार वडा तथा महानगरपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संस्था सम्झनु पर्छ ।

(९) "बाल कोष" भन्नाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि ऐनको दफा ६३ बमोजिम महानगरपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ ।

(१०) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ ।

(११) "बाल सञ्जाल" भन्नाले यस कार्यविधि बमोजिम वडा तथा महानगर स्तरमा गठन भएको बाल क्लब वा संस्थाहरुको सञ्जाल सम्झनुपर्छ ।

(१२) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

(१३) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम नगरपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ ।

(१४) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका नगरपालिका भित्र बसोबास गर्ने वा फेला परेका बालबालिका सम्झनुपर्छ ।

(१५) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम महानगरपालिकामा सूचीकृत भएका व्यक्ति सम्झनुपर्छ ।

(१६) "समिति" भन्नाले महानगर बाल अधिकार समिति सम्झनु पर्छ ।

(१७) "सामाजिक संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका र महानगरपालिकामा सुचिकृत भई महानगरपालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनुपर्छ ।

(१८) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ ।

(१९) "कार्यविधि" भन्नाले नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८० सम्झनुपर्दछ ।

(२०) "प्रदेश ऐन" भन्नाले बाग्मती प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ सम्झनुपर्दछ ।

(२१) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले ६ महिना देखि ५ बर्षसम्मका उमेर समुहका शिशुहरुको स्याहार, संरक्षण तथा ऐच्छिक सिकाईका लागि स्थापना र सञ्चालन गरिएको प्रारम्भिक बाल विकास केन्द्र सम्झनु पर्दछ ।

## परिच्छेद-२

## बालबालिकाको विशेष अधिकारको संरक्षण

ऐन तथा प्रदेश ऐनले ब्यबस्था गरेका अतिरिक्त महानगरभित्र बसोबास गरिरहेका बालबालिकाहरुका लागि देहायका अधिकारहरु लागु हुनेछन् :

**४. खोप तथा पोषण :**

(१) महानगरपालिकाले महानगरपालिकाभित्रका सबै बालबालिकालाई महानगरपालिकाले तोके बमोजिमका खोपहरुको निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) अनुसाार निः शुल्क उपलब्ध हुने खोपहरुको सार्वजनिक जानकारीका लागि महानगरपालिकाले सबै वडामा खोपको प्रकार र

लगाउनुपर्ने तालिकाहरु उल्लेख गरी जानकारी बोर्डको व्यवस्था गर्नेछ ।

(३) महानगरपालिकाभित्रका बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिको पहिचान गरिनेछ ।

(४) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरु मार्फत खोपको लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ ।

(५) महानगरपालिकाले आफ्नो क्षेत्रमा बसोबास गर्ने बालबालिकाको पोषणको अवस्थाको बारेमा वडा कार्यालयहरुमार्फत प्रत्येक ६/६ महिनामा तथ्याङ्क तथा जानकारी संकलन र अद्यावधिक गर्नेछ ।

(६) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार महानगरपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग गर्नेछ ।

## ५. सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन :-

(१) महानगरपालिकाभित्र फेला परेका सडक बालबालिका उद्धार गरी बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना तथा व्यवस्थापन गरिनेछ ।

(२) महानगरपालिकाले नगर प्रहरीलाई परिचालन गरी महानगरपालिका भित्र सडक बालबालिका बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको पहिचान तथा नक्शाङ्कन गरी सडक बालबालिकाको पहिचान तथा संख्या यकिन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्थान तथा बालबालिकाको पहिचान भए पश्चात परिषद् एवम् बालबालिका खोजतलास सेवा (१०४) सँगको समन्वय र सहकार्यमा सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धार गर्नेछ ।

(४) उद्धार गरिएका सडक बालबालिकालाई यस महानगरपालिका वा परिषद्मा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिनेछ ।

(५) सडक बालबालिकामुक्त महानगरपालिका निर्माणका लागि नक्शांकन, अनुगमन तथा उद्धार कार्य नियमित रुपमा सञ्चालन गरिनेछ ।

(६) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारिमा पुनर्मिलन गरिनेछ ।

(७) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गरिनेछ ।

(८) परिवारमा पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना भएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म प्रत्येक छ महिनाको अन्तरमा नियमित अनुगमन गरी सोको प्रतिवेदन समिति र परिषद्लाई उपलब्ध गराइनेछ ।

**६. बालश्रम रोकथाम र निषेध :-**

(१) महानगरपालिकालाई बालश्रममुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालश्रम मुक्त महनगरपालिका अभियान सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियानका लागि नगरपालिकाभित्र होटल, घर, रेस्टुरेन्ट, कारखाना, उद्योग, निर्माण ब्यबशाय, सार्वजनिक स्थान, अन्य ब्यबशाय, सडक लगायतका क्षेत्रका यदी कसैले कानून विपरित बालश्रम प्रयोग गरिरहेको भए यस्ता कार्यहरु तत्काल रोक्न र त्यस्ता

बालबालिकालाई सम्बन्धित परिवारमा नै पुनर्मिलन गराउन एक पटक ३५ दिनको सार्वजनिक सूचना जारी गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधि समाप्त भए पश्चात पनि महानगरपालिका क्षेत्रभित्र कहीं बालश्रमको प्रयोग भएको थाहा भएमा बालबालिका खोजतलास सेवा (१०४) तथा परिषद्सँगको समन्वयमा बालश्रमिकको उद्दार गरी संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको ब्यबस्था गरिनेछ र सम्बन्धित रोजगारदातालाई कानुनी कारवाहीका लागि सम्बन्धित श्रम कार्यालयमा लेखि पठाइनेछ ।

(४) महानगरपालिकाभित्र दर्ता भएका तथा सञ्चालनमा रहेका सबै ब्यवसाय तथा घरधनीहरुले आफ्नो घर तथा ब्यवसायमा बालश्रम प्रयोग नगरेको स्वघोषणा गर्नुपर्नेछ ।

(५) बालश्रम प्रयोग नगर्ने तथा निषेध गर्ने ब्यवसाय तथा घरधनीहरुलाई प्रोत्साहनका लागि महानगरपालिकाले विशेष सचेतना तथा प्रोत्साहनमुलक कार्यक्रम एवं अनुगमन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(६) महानगरपालिकाले बालश्रम अन्त्य तथा रोकथामका लागि उपत्यकाका स्थानीय

तहहरुसँग सहकार्य तथा समन्वयमा कार्य गर्न सक्नेछ ।

**७. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान र संरक्षणः-**

(१) महानगर बाल अधिकार समितिले महानगरपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी आवश्यक सेवा प्रवाह गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान तथा सो को अभिलेखीकरणका लागि महानगर बालअधिकार समितिले आवश्यकता अनुसार सामजिक संस्थासँग सहकार्य गर्न वा समाजसेवीलाई नियुक्त गरी जिम्मेवारी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पहिचान भएका बालबालिकालाई महानगरपालिकाले आवश्यक सेवा, सामाजिक सहायता तथा सहयोग उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-३

## बालअधिकार समिति सम्बन्धी व्यवस्था

८. महानगर बाल अधिकार समितिको गठनः (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम महानगरपालिकामा देहाय बमोजिमको महानगर बाल अधिकार समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | -अध्यक्ष |
| (ख) | सामाजिक विकास समितिका संयोजक वा संयोजकले तोकेको सामाजिक विकास समितिको सदस्य | -सदस्य |
| (ग) | समाज कल्याण महाशाखा प्रमु | -सदस्य |
| (घ) | शिक्षा महाशाखा /शाखा प्रमुख | -सदस्य |
| (ङ) | जन स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (च) | जिल्ला प्रहरी परिसर जावलाखेलको अधिकृत प्रतिनिधि | -सदस्य |
| (छ) | महानगरपालिका बाल क्लब सञ्जालका एक बालक र एक बालिका प्रतिनिधि (दुई जना) | -सदस्य |
| (ज) | बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रका विज्ञ एक | -सदस्य |

महिला सहित दुई जना

(झ) बाल कल्याण अधिकारी/बालबालिका सम्बन्धी शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) र खण्ड (ज) बमोजिमका सदस्यको पदावधी दुई वर्ष हुनेछ र नगरपालिकाले पुनः एकपटकका लागि दुई वर्षको पदावधि थप गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यले मत विभाजनका समयमा मतदान गर्न पाउने छैनन् ।

(४) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यको उमेर १८ बर्ष पुरा भएमा स्वतः पदावधी समाप्त हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** महानगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तय गर्ने तथा महानगरपालिकामा बार्षिक योजना तथा बजेट पेश गर्ने,

(२) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न महानगरपालिकालाई सुझाव दिने,

(३) स्थानीय तहभित्र सञ्चालित बालबालिका सम्बन्धी सेवा तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सम्बन्धित सञ्चालक, ब्यबस्थापक तथा सरोकारवालाहरुलाई सुझाव दिने,

(४) स्थानीय तहभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण गर्ने,

(५) श्रमिक बालबालिका, सडक बालबालिका तथा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन गर्ने गराउने,

(६) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन एवं वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र अनुगमन गर्ने,

(७) महानगरभित्रका बाल क्लब तथा संस्था दर्ता एवं बाल क्लब सञ्जाल गठन तथा पुनर्गठनका लागि आवश्यक सहजीकरण तथा ब्यबस्थापन गर्ने,

(८) महानगरपालिकामा सेवा प्रदान गर्न इच्छुक बालमनोविज्ञ एवं समाज सेवीको सुचिकरण गर्ने,

(९) महानगरभित्र सञ्चालनमा रहेका सुचिकृत बालगृह, बाल संरक्षण गृह, पुनर्स्थापना केन्द्र, बाल हेल्पलाइन तथा वैकल्पिक हेरचाह प्रदान गर्ने संस्था, बाल अधिकार तथा बालसंरक्षणका क्षेत्रमा कार्य गर्ने सामाजिक संस्थाको सुचि तयार गर्ने र आवश्यक्ता अनुसार नियुक्ती, परिचालन र सहकार्य गर्ने,

(१०) महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका बालगृह, बाल संरक्षण गृह, पुनर्स्थापना केन्द्र, बाल हेल्पलाइन तथा वैकल्पिक हेरचाह प्रदान गर्ने संस्था, शिशु स्याहार केन्द्र, विद्यालय, प्रारम्भिक बालविकास केन्द्रमा बाल संरक्षण तथा बालअधिकार अनुगमन तथा आवश्यक परेमा कार्वाही सिफारिस गर्ने,

(११) महानगरपालिका भित्रका वडा, विद्यालय, टोल, समुदाय, सामाजिक संस्था, बालगृह, स्वास्थ्य संस्था, अस्थायी संरक्षण सेवा, शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र, पुनर्स्थापना केन्द्र, यातायात घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक बाल संरक्षण मापदण्ड तर्जुमा गर्ने तथा लागु गर्न आवश्यक सहजीकरण गर्ने,

(१२) संघीय तथा प्रदेश सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गर्न सहजीकरण गर्ने,

(१३) बालअधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(१४) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१५) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरण गर्ने गराउने,

(१६) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न

महानगरपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने,

(१७) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश बाल अधिकारी समिति तथा परिषद्सँग समन्वय र सहकार्य गर्ने,

(१८) महानगरपालिका एवं प्रचलित कानुनबाट बालअधिकार संरक्षण तथा संवर्द्धनमा निर्देशित अन्य कार्यहरु गर्ने गराउने ।

**१०. समितिको बैठक:**

(१) महानगर बालअधिकार समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ । तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले र सामाजिक विकास

समितिका संयोजक अनुपस्थित भएमा उपलब्ध सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार महानगरपालिका भित्रका विषयगत शाखाका प्रमुखहरु, बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको निर्णय समितिका अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः**

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त नगरसभा सदस्य तथा कर्मचारीहरुलाई सदस्य मनोनयन गरी आवश्यकता अनुसार निश्चित अवधिका लागि उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

**१२. वडा बाल अधिकार समिति गठन गर्न सक्नेः** (१) नगरपालिकाका प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य | - संयोजक |
| (ख) | वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षक मध्येबाट एक जना | - सदस्य |
| (ग) | महिला स्वास्थ्य स्वयमसेवीका मध्येबाट एक जना | -सदस्य |
| (घ) | वडास्तरीय बालक्लव सञ्जालका एक बालक र एक बालिका प्रतिनिधि | -सदस्य |
| (ङ) | सम्बन्धित वडा क्षेत्राधिकार रहेको प्रहरी इकाइको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) | बालअधिकार तथा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिमध्येबाट | -सदस्य |

वडा अध्यक्षले मनोनयन गरेको
एक महिला सहित दुइ जना

(छ) वडा सचिव -सदस्य-सचिव

(२) पदीय हैसियतमा वडा बालअधिकार समितिमा पदेन सदस्यको रुपमा मनोनित भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज वडा बालअधिकार समितिको सदस्य रहने छैनन् ।

(३) उपदफा (२) बमोजिम वा अन्य कुनै कारणबाट वडा बालअधिकार समितिको सदस्य पद रिक्त भएमा सोको यथाशिघ्र पदपूर्ति गरिनेछ । तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बालअधिकार समितिको काम कारवाहीमा बाधा पुग्नेछैन ।

(४) उपदफा (१) को (च) बमोजिम मनोनित सदस्य १८ बर्ष उमेर पुरा भएको अवस्थामा पदावधी स्वत समाप्त हुनेछ ।

(५) उपदफा (२) को (च) बमोजिम मनोनित सदस्यलाई मतविभाजनको समयमा मतदान गर्ने अधिकार रहनेछैन ।

**१३. वडा बालअधिकार समितिको बैठक :-**

(१) वडा बालअधिकार समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) वडा बालअधिकार समितिको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ । तर, वडा बालअधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(३) वडा बालअधिकार समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(४) वडा बालअधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्य वा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) वडा बालअधिकार समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) वडा बालअधिकार समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(७) वडा बालअधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः** वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) वडामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, सडक बालबालिका तथा श्रमिक बालबालिका र जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक संरक्षण, सहायता, उद्धार, पुनःस्थापनाका लागि महानगरीय बालअधिकार समितिमा सिफारिस गर्ने ।

(२) वडा तहमा बालकालिकाको तथ्यांक संकलन, अद्यावधिक र अभिलेखीकरण गर्ने तथा समितिमा पेश गर्ने,

(३) वडास्तरीय बाल क्लब सञ्जालको गठन, सञ्चालन तथा पुनर्गठनका लागि सहजीकरण गर्ने ।

(४) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय, सामाजिक संस्था, बैकल्पिक हेरचाह प्रदान गर्न सुचिकृत संस्था, बाल गृह, पुनर्स्थापना केन्द्र एवं बालक्लब लगायतको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय,

सहकार्य र साझेदारी गरी बालअधिकारको प्रवर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने,

(५) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी सम्बन्धित निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

(६) वडा क्षेत्रलाई बालमैत्री बनाउन, वडाभित्र बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण अभियान सञ्चालन गर्ने, बालबालिका सम्बन्धी दिवसहरू मनाउने तथा सो सन्दर्भमा बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने,

(७) वडामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(८) वडाको योजना निर्माणको चरणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न आवश्यक सहजिकरण गर्ने,

(९) वडा बालअधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने ।

(१०) वडा भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्न आवश्यक सहजीकरण तथा अनुगमन गर्ने ।

(११) महानगर बालअधिकार समिति तथा प्रदेश एवं संघीय कानुनबाट निर्देशित बालबालिका सम्बन्धि अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद ४ :

## बाल क्लब तथा सञ्जाल सम्बन्धी व्यवस्था

### १५. बाल क्लब गठनका लागि सूचना जारी गर्नुपर्नेः-

(१) समुदायमा आधारित बाल क्लब गठन गर्न चाहिने व्यक्ति, समूह तथा संगठनले बाल क्लब गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

(२) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्धारा बोलिने मातृ भाषाहरुमा समेत दिनुपर्नेछ ।

(३) सूचना उपलब्ध गराउने विधि : महानगरपालिका र यसका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालयमा सुचना टाँस गर्ने र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिनु पर्नेछ ।

(४) बाल क्लब गठन गर्ने भेलामा कम्तिमा २५ जना बालबालिका उपस्थित हुनुपर्नेछ ।

(५) विद्यालयमा आधारित बाल क्लब गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गर्ने एवम् भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ ।

**१६. बाल क्लब दर्ता गरिने:-**

(१) दफा १५ बमोजिमको सूचनाको आधारमा गरिएको भेलाले निर्णय गरी कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचारप्रसार र

अनुगमन लगायत नियमावलीको नियम ५ मा उल्लेखित कार्यका लागि बालबालिकाले सम्बन्धित वडाको सिफारिसमा बालक्लब दर्ताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी सम्बन्धित शाखामा निवेदन दिनुपर्नेछ ।

(क) प्रस्तावित बाल क्लवको विधान

(ख) प्रस्तावित बाल क्लब खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरुको वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बालक्लब दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाणपत्र जारी गर्नेछ ।

**१७. विद्यालयमा आधारित बाल क्लब :-**

(१) एक विद्यालयमा एक बाल क्लब रहनेछ ।

(२) विद्यालयको बाल क्लब अन्तर्गत विभिन्न उमेर र विषयगत क्षेत्र हेर्ने गरी बाल क्लबका उपसमूहहरु क्रियाशिल हुन सक्नेछन् ।

(३) विद्यालय स्तरका बाल क्लबको उपसमूह गठन गर्दा देहाय बमोजिमका उमेर समूह तथा विषयगत क्षेत्रका अधारमा छुट्टाछुट्टै गठन गर्न सकिनेछ ।

(क) उमेर समूहहरु : (१) ५ देखि १२ वर्ष, (२) १३ देखि १८ वर्ष

(ख) विषयगत क्षेत्रहरु : (१) बाल विवाह, (२) बाल पोषण, खोप, स्वास्थ्य तथा सरसफाई, (३) जलवायु परिवर्तन र बालबालिका माथिको प्रभाव, (४) बालश्रम (५) बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार (६) बुलिङ र शारिरीक दण्ड र सजाँय र (७) अन्य

(४) उपदफा (१) बमोजिम गठन भएको बाल क्लबमा सम्बन्धित विद्यालयमा अध्ययनरत रहेका मध्ये सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा विविध शारीरिक अवस्थाका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(५) यस दफा बमोजिमको बाल क्लबको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ । यसको नेतृत्व र सदस्य सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिका नै हुनपर्नेछ ।

**१८. समुदायमा आधारित बाल क्लब :-**

(१) महानगरपालिका भित्रको निश्चित भूगोल भित्रका बालबालिका समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर बालबालिकाले

समुदायमा आधारित बालक्लब गठन गरी दर्ता गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बालक्लब महानगरपालिकाको कुनै टोल वा बस्ती वा वडा भित्र गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको बालक्लबले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था भएका बालबालिकाहरुलाई समेट्ने तथा उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिमको बाल क्लबको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको कार्यसमितिको नेतृत्वमा सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गर्ने बालबालिका हुनपर्नेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भए पनि उक्त भौगोलिक क्षेत्रमा अस्थायी बसोबास गर्ने बालबालिका पनि सदस्य बन्न र कार्यक्रमहरुमा सहभागि हुन सक्नेछन् ।

**१९. विशिष्टीकृत बाल क्लब गठन गर्न सक्ने-**

(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयमसेवा अभियान तथा संगठनहरुले आवश्यकता अनुसार विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल बालक्लबहरुको गठन र व्यवस्थापन विधि स्वयम् यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुन सक्नेछन् ।

(३) यसरी स्थापित बाल क्लबहरुले गठन विवरण र सम्बन्धित अन्तर्राष्टिय मातृ संस्थाबाट प्रमाणित गराइ वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

**२०. बालिका तथा अपाँगता भएका बालबालिकाको विशेष अधिकार :** अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहने गरी र बालिकाहरुले बालिका मात्र सदस्य रहने गरी १५ जनाको भेला मार्फत विद्यालयमा आधारित वा समुदायमा आधारित बालक्लब दर्ता गर्न सक्नेछन ।

**२१. बालक्लबको नेतृत्व चयनः-** (१) दफा १५ बमोजिमको भेलामा सहभागी बालबालिकासँगको छलफल र सहमतिवाट अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव,

कोषाध्यक्ष, तथा विषयगत संयोजकहरु सहितको ७ देखि १५ सदस्यीय कार्यसमिति चयन गर्न सक्नेछन् ।

(२) बाल क्लबको नेतृत्व बालिका, दलित समुदाय, अपाङ्गता भएका बालबालिका तथा पछाडी पारिएका बालबालिकाको सहभागिता सुनिश्चित हुने गरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(३) बाल क्लबको कार्यसमितिको पदाधिकारी तथा सदस्यमा निर्वाचीत हुन चाहने बालबालिका सम्बन्धित टोल बस्तीको स्थायी बासिन्दा वा सम्बन्धित विद्यालयको विद्यार्थी हुनुपर्नेछ ।

(४) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लबको नेतृत्वमा बस्न पाउने छैन । तर बाल क्लबको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(५) समुदायमा आधारित बाल क्लबको कार्यसमितिको निर्वाचन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ ।

(६) विद्यालयमा आधारित बाल क्लबको कार्यसमितिको निर्वाचन प्रत्येक वर्ष शैक्षिक सत्र शुरु भएको एक महिना भित्र गर्नुपर्नेछ ।

(७) एकै व्यक्ति बाल क्लबको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक

कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन, तर कार्यसमितिको सदस्य भने बस्न सक्नेछ ।

(८) बाल क्लबका सदस्यहरु माझ नेतृत्व चयनका सन्दर्भमा विवादहरु उत्पन्न भएमा निम्नानुसार अभ्यास गर्न सकिनेछः-

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लबलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुती गर्न सक्नेछ ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरु मात्र छलफल गरी आपसी सहमतीमा तय गर्न सक्नेछन् ।

(ग) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु मध्येबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ र मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ ।

(९) बालक्लब एवम् सञ्जालका कार्यसमितिका पदाधिकारी एवम् सदस्य रहेका बालबालिकाको पदावधि कार्यसमितिको पदावधि बाँकी रहे पनि सम्बन्धित बालबालिका १८ वर्ष पुरा भएमा स्वतः समाप्त हुनेछ । समाप्ति पश्चात बांकी अवधिका

लागि मात्र सदस्ययहरुवाट पदाधिकारी चयन हुनेछ ।

**२२. कार्यक्रम सञ्चालन सहायता तथा क्षमता विकास कार्यक्रम प्रदान गरिनेः-**

(१) महानगरपालिकाले बालक्लबलाई बालबालिकाको हक, हित र अधिकारको प्रवर्द्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्न सक्नेछ ।

(२) बालक्लबले उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रमको अवधारणा सहित सहयोगको लागि वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरुको आधारमा वडा कार्यालयले त्यस्ता कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग व्यवस्थापन गर्नेछ ।

(४) यस दफा बमोजिम कार्यक्रम सञ्चालनको क्रममा बाल क्लबलाई आर्थिक कारोबार सम्बन्धी व्यवहारमा संलग्न गराइने छैन ।

(५) महानगरपालिकाले दर्ता भएका बाल क्लबको नेतृत्व विकास एवम् विषयगत क्षमता

अभिवृद्धिका लागि आवधिक रुपमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

**२३. बालक्लब सञ्जाल गठन गर्न सकिनेः-**

(१) महानगरपालिका बालअधिकार समितिले महानगर स्तरमा वडा सञ्जालका प्रतिनिधिहरु तथा वडा बालअधिकार समितिले वडा स्तरमा सम्बन्धित क्षेत्रमा रहेका बाल क्लब प्रतिनिधिहरुको भेला गरी बाल क्लब सञ्जाल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको भेलामा सञ्जालले समेट्ने क्षेत्रहरु समुदाय, विद्यालय तथा विषयगत बाल बालक्लब लाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछः-

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब वा संस्थाको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(३) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(४) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका, दलित समुदाय, अपांगतामा रहेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा पछाडी पारिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(५) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(६) बाल क्लब सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट

रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(७) प्रतिस्पर्धी बालबालिकालाई संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(८) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## परिच्छेद-५ :

## बाल संरक्षण सेवा सम्बन्धी व्यवस्था

### २४. सार्वजनिक सूचना जारी गर्नेः-

(१) महानगरपालिकाले बाल संरक्षण सम्बन्धी सेवाहरुको व्यवस्थापनका लागि देहाय बमोजिमको संयन्त्रहरुको सूचीकरणका लागि ३५ दिनको सार्वजनिक सूचना जारी गर्नेछ :-

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार,

(ख) परिषद्बाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बालगृह र अस्थायी संरक्षण सेवा,

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषदबाट सञ्चालन अनुमति प्राप्त अस्थायी संरक्षण सेवा वा पुनःस्थापना केन्द्र,

(घ) परिषद्बाट स्विकृत प्राप्त बाल हेल्पलाइन ( १०९८) सञ्चालन गर्ने संस्था,

(ङ) महानगरक्षेत्रभित्र बालश्रम, बाल संरक्षण तथा बालअधिकार संरक्षण तथा सम्वर्द्धनमा क्रियाशिल संस्था,

(२) उपदफा (१) बमोजिमको संयन्त्रहरुको सूचीकरणका लागि महानगरपालिकाले राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा वेवसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ ।

**२५. सुचिकरणका लागि निवेदन दिनुपर्ने :-**

(१) दफा २४ को उपदफा (१) को खण्ड (क) अनुसारको व्यक्ति वा परिवारले महानगरपालिकामा सूचीकृत हुनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) नागरिकताको प्रमाणीत प्रतिलिपी

(ग) पारिवारिक सदस्यहरुको विवरण

(घ) घर तथा जग्गा-जमिन एवं सम्पत्ती सम्बन्धी विवरण

(ङ) वार्षिक आम्दानी, खर्च र बचतको विवरण

(च) आम्दानीको स्रोत

(छ) घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र

(ज) मान्यताप्राप्त चिकित्सकबाट शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको सिफारिस पत्र

(२) दफा २४ को सूचना अनुसार दफा २४ को उपदफा (१) को खण्ड (ख) (ग) र (घ) बमोजिमको संयन्त्रहरुले नगरपालिकामा सूचीकरण हुनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र

(ग) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण

(घ) पुनःस्थापना केन्द्रको हकमा निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण

(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता, संरक्षण तथा पुनर्स्थापना सेवाको विवरण र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण

(३) दफा २४ को सूचना अनुसार दफा २४ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको संस्थाले महानगरपालिकामा प्रचलित ऐन अनुसार अनुसूची ४ को ढांचामा सूचीकरण हुन सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन दर्ता गर्दा महानगरपालिकाले तोकेबमोजिमको शुल्क लिन सक्नेछ । तर, उपदफा (१) को खण्ड (ङ) बमोजिमको संस्था महानगरपालिकामा सुचिकृत भइसकेको अवस्थामा त्यस्तो शुल्क लिइनेछैन ।

**२६. बाल संरक्षण संयन्त्रको सूचीकरणः-**

(१) महानगरपालिकाको सुचिकरण गर्न तोकेको शाखाले यस कार्यविधिको दफा २५ को उपदफा (१), (२) र (३) बमोजिम प्राप्त निवेदनहरुको

लेखाजोखा गरी उल्लेखित कागजात पेश गरेको अवस्थामा सम्बन्धित संस्था तथा संरक्षण सेवाको सूचीकरण गरी सो को जानकारी महानगर बालअधिकार समितिलाई दिनेछ ।

(२) उपदफा (१) बमोजिम महानगरमा सुचिकरण भएका बाल संरक्षण सेवा प्रदायक संस्था तथा ब्यक्तिको लेखाजोखा गरी बाल संरक्षण सेवा प्रदायकको रुपमा सूचीकरण गर्नका लागि उपयुक्त रहेको नरहेको व्यहोरा खुलाई स्थानीय बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा स्थानीय बाल अधिकार समितिको निर्णयले निवेदक संस्था तथा बाल संरक्षण संयन्त्रहरुको सूचीकरण गरिनेछ ।

(४) स्थानीय बाल अधिकार समितिमा सूचीकरण भएपश्चात महानगरपालिकाले अनुसूची-५ बमोजिमको ढाँचामा सूचीकृत भएको संस्थालाई पत्र उपलब्ध गराउनेछ ।

**२७. बाल संरक्षण सेवाको आवद्दता अद्यावधिक गर्नुपर्नेः-**

(१) दफा २६ बमोजिम आवद्द भएका बाल संरक्षण सेवा प्रदायकहरुले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तिन महिनाभित्र महानगर बालअधिकार

समितिमा आवद्दता अद्यावधिक गर्नका लागि देहायका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ :

क) अघिल्लो आ.ब. मा गरिएका बाल संरक्षण सेवा तथा कार्यक्रमको तथ्यांक विवरण

(ख) जिल्ला प्रशासन कार्यालयबाट नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ग) समाज कल्याण परिषद्को अद्यावधिक भएको आवद्दता प्रमाणपत्रको प्रतिलिपी

(घ) सम्बन्धित राजश्व कार्यालयबाट जारी भएको अघिल्लो आ.ब.को कर चुक्ता पत्रको प्रतिलिपी

(ङ) परिषद्बाट नविकरण भएको अनुमतिपत्रको प्रतिलिपि वा सिफारिस

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा लेखाजोखा गरी आवद्दता अद्यावधिक गर्न उपयुक्त रहेको नरहेको खुलाई बाल कल्याण अधिकारीले महानगर बालअधिकार समितिमा प्रतिवेदन पेश गर्नेछ ।

(३) उपदफा (२) को प्रतिवेदनको सिफारिस र महानगर बाल अधिकार समितिको निर्णयको

आधारमा महानगरपालिकाले बाल संरक्षण संयन्त्रहरुको आवद्दता अद्यावधिक गर्नेछ ।

**२८. वैकल्पिक हेरचाह तथा अस्थायी संरक्षण सेवाको लागि अनुदान उपलब्ध गराउन सक्नेः-**

(१) महानगरपालिकाले उद्धार गरी वैकल्पिक हेरचाह तथा अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको लागि सिफारिस गरिएका बालबालिकालाई दफा २६ बमोजिम सूचिकरण भएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग महागरपालिकाले वार्षिक सम्झौता गरी नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवा प्रदानका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा समितिले तोके बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा नगरपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा संघ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए नभएको सम्बन्धमा दोहोरोपना नभएको एकीन गर्नुपर्नेछ ।

**२९. समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति गर्नेः-**

(१) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ।

(२) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको सेवाको शर्त देहाय बमोजिम हुनेछ :-

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने,

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा

नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने,

(च) महानगरपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने ।

(३) महानगरपालिकाले नियुक्त गरिएको समाजसेवी तथा बालमनोविज्ञलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित समयको आधारमा प्रति घट्ना महानगर बालअधिकार समितिले तोकेको पारिश्रमिक समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

**३०. बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गरिने:-**

(१) हराएका, वेवारिसे फेला परेका, बेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा श्रममा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि महानगर बाल अधिकार समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) बालबालिका खोजतलास सेवाको सबलीकरण तथा प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रममार्फत सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-६

## बाल संरक्षण सेवाको अनुगमन

**३१. अनुगमन :** महानगरपालिकाभित्र सञ्चालनमा रहेका बाल संरक्षण गृहहरुको अनुगमन ललितपुर महानगरपालिकाभित्रका आवाशिय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि २०७६ अनुसार गरिनेछ ।

३२. ललितपुर महानगरपालिकाभित्रका आवाशिय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि २०७६ अन्तरगत गठिन अनुगमन समितिले उक्त

कार्यविधिमा उल्लेखित बालगृहका अतिरिक्त देहायका बाल संरक्षण संयन्त्र तथा सेवाहरुको अनुगमन गर्न सक्नेछ :

(१) अनुगमन टोलीले देहायको बाल संरक्षण संयन्त्रहरुमा रहेका बालबालिका र मापदण्डको कार्यान्वयन सम्बन्धी अवस्थाको अनुगमन गर्नेछः-

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र नगरपालिकामा सूचीकृत व्यक्ति वा परिवार,

(ख) नगरपालिकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था

(ग) नगरपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा तथा पुनर्स्थापना केन्द्र

(घ) नगरपालिकासँग सहकार्यरत बाल हेल्पलाइन सेवा (१०९८)

३३. ललितपुर महानगरपालिकाभित्रका आवाशिय बालगृहहरुको अनुगमन तथा नियमन कार्यविधि २०७६ मा उल्लेखित विषय र क्षेत्रहरुका अतिरिक्त यस कार्यविधिको दफा ३२ उपदफा (१) को खण्ड (क) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गरिनेछः-

(क) बालबालिकासँग पारिवारिक सदस्यहरुको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) परिवारिक वातावरण सौहार्द रहे-नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरु

**३४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमनः-**

(१) महानगर बालअधिकार समितिले कार्ययोजना बनाई महानगरपालिकामा रहेका अन्य विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकाको अनुगमन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा देहाय बमोजिमको सेवाहरुको

सुनिश्चितताका लागि बाल अधिकार समितिले सहजीकरण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सो को व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(ङ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था

**३५. दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमनः-**

(१) बाल कल्याण अधिकारीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) बमोजिम बालकल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार

सम्बन्धी देहायका विषयहरुको प्रत्येक चार चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः-

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तिमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबलिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा महानगरपालिकाभित्र दिशान्तर प्रकृया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्थाको सम्बन्धी प्रतिवेदन बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नेछ ।

(३) बाल कल्याण अधिकारीले उपदफा १ बमोजिमको अनुगमनका लागि सुचिकृत समाज सेवी, बाल मनोविज्ञ वा महानगर बाल अधिकार समितिका

अध्यक्षले तोकेको समितिका सदस्यको सहयोग लिन सक्नेछ ।

**३७. अनुगमन व्यवस्थापन :-**

(१) यस कार्यविधि बमोजिमको अनुगमन महानगरपालिकाको समन्वयमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनका लागि महानगरपालिकाको बजेटका आधारमा व्यवस्थापन गर्न सक्नेछ ।

**३८. अनुगमन प्रतिवेदन र कारवाही :**

(१) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरुको अनुगमन टोलीले अनुसूची-६ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन निर्माण गरी प्रतिवेदनमा अनुगमन टोलीका सबै सदस्यहरुले हस्ताक्षर गरी महानगर बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) प्रतिवेदन निर्माणका लागि बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुसूची-६ बमोजिमको अनुगमन चेकलिस्टमा अनुगमन गर्दाका बखत नै विवरणहरु अभिलेखीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी महानगर बाल अधिकार समितिले

प्रतिवेदनले सुझाएका विषयहरुको सम्बोधन गर्नेछ ।

(४) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बालगृह वा अस्थायी संरक्षण सेवा वा बाल हेल्पलाइन सेवाले मापदण्ड पुरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पुरा गर्नका लागि महानगर बालअधिकार समितिले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशन पालना भए नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात अनुमन टोली वा महानगर बालअधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरुको सञ्चालन अनुमति खारेजीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी परिषदमा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(६) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा महानगर बालअधिकार समितिले उजुरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरुको आधारमा वैकल्पिक हेरचाहमा भएका रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वास्थ्यको अवस्था लगायतको विषयहरु समावेश भएको एकिकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक छ महिनामा महानगर बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम महानगर बाल अधिकार समितिले प्राप्त गरेको एकिकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारवाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ ।

(९) अनुगमन गर्दाका बखत मापदण्ड पुरा गरी सञ्चालनमा रहेका संरक्षण सेवा संयन्त्रलाई अनुगमन गर्दा मापदण्ड पुरा गरी सञ्चालनमा रहेको जानकारी पत्र महानगर बालअधिकार समितिले उपलब्ध गराउनेछ।

## परिच्छेद ७ :

## समुदायमा आधारीत प्रारम्भिक बाल विकास केन्द्र सम्बन्धी व्यवस्था

**३९. प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गरिने :- आवश्यकता र औचित्यताको आधारमा हाल सञ्चालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रका अलावा वडाको सिफारिसमा नगरकार्यपालिकाको निर्णय देहयबमोजिम बाल विकास केन्द्रको व्यवस्थापन हुनेछ।**

(१) ६ महिनादेखि ५ बर्ष उमेर सम्मका बालबालिकाको स्याहार, विकास तथा पोषणका लागि महानगरपालिकामा आवश्यकता अनुसार प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक बाल विकास केन्द्र वडा तहमा व्यवस्थापन गरिनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने प्रारम्भिक बाल विकास केन्द्रमा देहायका न्यूनतम सेवा सुविधा हुनुपर्नेछः-

(क) दैनिक तीन पटकको पोषणयुक्त खाना तथा खाजाको व्यवस्था

(ख) प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था

(ग) स्थानीय परिवेशमा उपयुक्त अनुभव, कुराकानी, बालगीत निदौरी, कथा, खोज अभिनय, एवम विभिन्न खेलको व्यवस्था

(घ) बालबलिकाको आरामदायी सुत्ने व्यवस्था

(ङ) स्वच्छ पिउनेपानीको व्यवस्था (तातो समेत)

(४) यस दफा बमोजिमको प्रारम्भिक बाल विकास केन्द्र शनिबार बाहेक हप्तामा ६ दिन विहान ९:३० देखि दिउसो ४:३० सम्म सञ्चालन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिमको प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन तथा ब्यबस्थापनका लागि महानगरपालिकाले लगानी साझेदारीका माध्यमबाट सामाजिक संस्था वा निजि क्षेत्रसँग करार सम्झौता गर्न सक्नेछ ।

(६) अविभावकसँग शुल्क लिई निजी ब्यवसायका रुपमा महानगरपालिकाभित्र सञ्चालनमा रहेका

शिशु स्याहार केन्द्रले यस दफा बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ र महानगरबाट अनिवार्य अनुमति लिनुपर्नेछ ।

**४०. स्थानीय व्यवस्थापन समिति सम्बन्धि व्यबस्था:-**

(१) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक वडामा देहाय बमोजिमको स्थानीय व्यवस्थापन समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य | -संयोजक |
| (ख) | बालबालिकाको अभिभावक प्रतिनिधि एक महिला सहित दुइ जना | -सदस्य |
| (ग) | स्थानीय महिला स्वास्थ्य स्वयंसेवीका | -सदस्य |
| (घ) | वडास्तरीय महिला समुह प्रतिनिधि | -सदस्य |
| (ङ) | सम्बन्धित केन्द्रको सहजकर्ता | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको स्थानीय व्यवस्थापन समितिको बैठक प्रत्येक तिन महिनामा बस्नेछ ।

(३) स्थानीय व्यवस्थापन समितिको बैठकमा प्रारम्भिक बाल विकास केन्द्र सम्बन्धी विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(४) अन्यत्र उल्लेख भएको अतिरक्त स्थानीय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक बाल विकास केन्द्र लाई गुणस्तरीय, प्रभावकारी एवम् समावेशी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) वडास्तरमा सञ्चालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रहरुको अनुगमन गरी तोकिए बमोजिमको सेवा सुविधा रहे नरहेको मुल्याङ्कन गर्ने र सो को प्रतिवेदन बाल अधिकार समितिमा पेश गर्ने,

(ग) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत साधन तथा जनशक्तिको व्यवस्थापनका लागि महानगरपालिकामा सहजीकरण गर्ने,

(घ) वडामा प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गर्न अभिभावक,

महिला स्वास्थ्य स्वयमसेविका तथा कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुको तर्जुमा गरी नगरपालिकामा पेश गर्ने,

(ङ) महानगरपालिका भित्र सञ्चालित बाल विकास सेवामा कार्यरत कर्मचारीहरु, बालबालिका तथा बालविकास सम्बन्धी कार्यक्रमहरुको विवरण अभिलेखीकरण गर्ने,

(च) प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ता छनौटका लागि सिफारिस गर्ने,

(छ) बाल अधिकार समितिले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**४१. प्रारम्भिक बाल विकास केन्द्रको कर्मचारी सम्बन्धी व्यवस्थाः-**

(१) कार्यक्रमको कामको प्रकृति तथा चापको आधारमा व्यबस्थापन समितिको सिफारिसमा महानगरपालिकाले ज्यालादारी वा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ । निजहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिम नियुक्त कर्मचारीलाई आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।

(३) प्रारम्भिक बाल विकास केन्द्रमा नियुक्त हुने कर्मचारीको शैक्षिक योग्यता, तलब, बिदा तथा अन्य सुबिधा महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

**४२. सेवाको अन्त्य हुने :-**

(१) प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत कर्मचारीको निम्न अवस्थामा सेवाको अन्त्य हुनेछः-

(क) बालविकास केन्द्रमा कार्यरत कर्मचारीले तोकिएको अवधि बाहेकको अवस्थामा ३० दिन अगावै लिखित सुचना दिई आफ्नो पदबाट राजिनामा दिएमा ।

(ख) कर्मचारीको मृत्यु भएमा

(ग) बाल संरक्षण मापदण्ड तथा नीति उल्लङ्घन गरेमा

(घ) बालबालिका विरुद्धको कसूर गरेमा वा अन्य फौजदारी अभियोग लागेमा

(ङ) करार अवधि सकिए पश्चात म्याद थप नभएमा ।

(२) उपदफा (१) बमोजिम सेवाको अन्त्य भएका कर्मचारीले आफ्नो जिम्मामा भएका सम्पूर्ण

नगद, जिन्सी र अन्य कागजपत्र तोकिएको कर्मचारीलाई हस्तान्तरण गर्नुपर्नेछ ।

**४३. वृत्ति विकास सम्वन्धि व्यवस्थाः-**

(१) प्रत्येक प्रारम्भिक बाल विकास केन्द्रले जनशक्ति विकासका लागि कर्मचारीहरुलाई वृत्ती विकासको अवसर निम्न आधारमा गर्न सक्नेछः

क) पद अनुसारको तालिम ।

ख) कार्य सम्पादन,

ग) शैक्षिक योग्यता

घ) विशेष योगदान

ङ) जेष्ठता

च) अभिभावक तथा बालबालिकाले गरेको मूल्याङ्कन

**४४. कर्मचारीको पोशाक सम्वन्धी व्यावस्था :** प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत कर्मचारीलाई एकरुपता कायम गर्न महानगरपालिकाबाट तोकिएको पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

**४५. अनुशासन तथा आचरण सम्वन्धी व्यवस्थाः-**

(१) प्रारम्भिक बाल विकास केन्द्रमा काम गर्ने कर्मचारीले देहाय बमोजिमको अनुशासन र आचरणको पालना गर्नुपर्नेछः-

(क) आफुलाई पदस्थापना गरिएको कार्यालयमा रही कार्यसम्पादन करारनामा अनुसार इमान्दारीपूर्वक केन्द्रको सेवा गर्ने कर्मचारीको कर्तव्य हुनेछ ।

(ख) प्रत्येक कर्मचारीले बाल संरक्षण नीति पालना गर्नु पर्नेछ ।

(ग) प्रत्येक कर्मचारी कार्यालयमा नियमित तथा समयमा नै उपस्थिति हुनुपर्ने छ ।

(घ) केन्द्रको पूर्व स्वीकृति नलिई अन्यत्र नोकरी गर्न पाइने छैन ।

(ङ) कुनै पनि कर्मचारीले केन्द्रसंग सम्वन्धित गोपनियता सम्बन्धी अधिकार बाहेक अन्यत्र कुनै पनि परिस्थितिमा र कुनै पनि प्रकारले प्रकट गर्न पाइने छैन ।

(च) अधिकार प्राप्त कर्मचरीले लिखित अनुमति वेगर कुनै कर्मचारीले केन्द्रको सम्पति कसैलाई दिनु वा लिनु हुदैन ।

(छ) केन्द्रको कार्य समितिद्धारा समय समयमा निर्धारित आर्थिक, प्रशासन, नियम निर्देशिका आदेश र निर्णय पालना गर्नुपर्नेछ ।

(ज) कर्मचारीहरुको आचारण र अनुशासनमा सुधार ल्याउन आवश्यक्ता अनुसार समितिले अन्य शर्तहरु थपघट गर्न सकिने छ ।

(झ) यस कार्यविधिको अनुसूची-७ मा उल्लेखित बाल संरक्षण मापदण्ड तथा आचारसंहितालाई सबै कर्मचारीले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

**४६. प्रारम्भिक बाल विकास केन्द्रको आर्थिक व्यवस्थापन :-**

(१) प्रारम्भिक बाल विकास केन्द्र संञ्चालन गर्नका लागि संघ, प्रदेश सरकार तथा पालिकाबाट प्राप्त स्रोतबाट व्यवस्थापन गरिनेछ ।

(२) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनका लागि व्यबस्थापन समितिले विकास साझेदार, सामाजिक संस्था वा निजी क्षेत्रबाट अनुदान सहायता प्राप्त गर्न सक्नेछ ।

(३) व्यबस्थापन समितिको आर्थिक कारोवार बैङ्कबाट गरिनेछ र व्यबस्थापन समितिमा गरिएको हर हिसाव आन्तरिक लेखा परिक्षण गरी चुस्त र दुरुस्त राखिने छ ।

**४७. सजाय सम्बन्धी व्यवस्था :** (१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारीले पदीय मर्यादा एवम् दायित्व विपरित कार्य गरेको उचित र पर्याप्त कारण तथा प्रमाण भएमा स्थानीय व्यवस्थापन

समितिले कर्मचारीलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) नसिहत दिने

(ख) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने

(ग) जानाजानी लापरवाहीमा नियम आदेशको पालना नगर्नाले केन्द्रलाई हुन आएको नोक्सानीको सम्पूर्ण वा आशिक रकम तलवबाट वा प्रचलति कानुन बमोजिम कट्टा गरी असुल उपर गर्ने ।

(घ) नोकरीबाट बर्खास्त गर्ने ।

(२) देहायका कुनै पनि अवस्थामा कर्मचारीलाई नसिहत दिन सकिने छ ।

(क) चेतावनी दिदा पनि नसुध्रेमा ।

(ख) आफ्नो काममा सुस्ताई र हेलचेक्राई गरेमा ।

(ग) अनुशासन पालना नगरेमा ।

(३) देहायको कुनै अवस्थामा कर्मचारीको तलब बृद्धि वा पदोन्नती रोक्का गर्न सकिने छ ।

(क) नसिहत पाएपछि पनि नसुध्रेमा ।

(ख) नसिहत पाएपछि पनि सन्तोषजनक काम नगरेमा ।

(ग) व्यवस्थापन समितिको निर्देशनमा पालना नगरेमा ।

(घ) लापरवाही गरी केन्द्रलाई हानी नोक्सानी गरेमा वा गराएमा ।

(ङ) आफ्नो कामको जिम्मेवारी वहन गर्न नसकेमा ।

(४) देहायको अवस्थामा कुनै कर्मचारीलाई केन्द्रको सेवाबाट कसुरको मात्रा हेरी बर्खास्त गर्न सकिने छ ।

(क) अयोग्यताको कारण आफ्नो पदीय दायित्व र जिम्मेवारी पुरा गर्न नसकेमा ।

(ख) नैतिकपतन देखिने फौजदारीको अभियोग अदालतबाट प्रमाणित भएमा ।

(ग) आर्थिक इमान्दारिता नभएमा वा भ्रष्टाचार गरेमा ।

(घ) आचरण, अनुशासन र नियमहरु बारम्बार उलंघन गरेमा ।

(ङ) केन्द्रको काममा बेइमानी गरेमा ।

(च) केन्द्रको प्रतिष्ठामा आघात पुर्याएमा ।

(छ) केन्द्रमा जानाजानी वा लापरवाही गरी बारम्बार केन्द्रको हानी नोक्सानी गरे वा गराएमा ।

(५) यस दफामा उल्लेखित कारवाही गर्दा स्थानीय व्यवस्थापन समितिबाट प्रमाण सहित संलग्न गर्नु पर्नेछ ।

तर, कुनै कर्मचारीलाई कारवाही गर्दा निजलाई स्पष्टीकरण दिने मौका दिइनु पर्दछ ।

## परिच्छेद-८

## बाल कोष सम्बन्धी व्यवस्था

**४८. बाल कोषको स्थापनाः-**

(१) महानगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना समेत गराउने कामका लागि ऐनको दफा ६२ बमोजिमको एक बाल कोषको स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाले कोषको लागि विनियोजन गरेको रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) दफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम देहायका कामको लागि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, गराउन,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको शैक्षिक प्रवन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न, गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न, गराउन,

(च) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

**४९. बाल कोष सञ्चालक समितिः**

(१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महानगर बाल अधिकार समितिका अध्यक्ष | -संयोजक |
| (ख) | सामाजिक विकास समितिका संयोजक | -सदस्य |

| | | |
|---|---|---|
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | महानगर लेखा प्रमुख | -सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको बाल कोष सञ्चालक समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ, विषयगत शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

**५०. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

(१) बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ग) कोषको रकमको संरक्षण गर्ने,

(घ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) सहयोगको आवश्यकता भएका बालबालिकालाई खर्चको सीमाको आधारमा सहयोग गर्ने ।

(च) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघसंस्था वा व्यक्तिसँग समन्वय गर्ने ।

(छ) बाल कोष सञ्चालक समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने

(ज) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(२) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बाल कोष सञ्चालक समितिले महानगरपालिका बालअधिकार समिति, वडा बालअधिकार समिति एवं बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

**५१. बाल कोष सञ्चालक समितिको बैठकः**

(१) बाल कोष सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बाल कोष सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बाल कोष सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) बाल कोष सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बाल कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । तर, कुनै

कारणवश अध्यक्ष उपस्थित हुन नसकेमा सामाजिक विकास समितका संयोजकले वा निजको पनि अनुपस्थितीमा प्रमुख प्रशासकीय अधिकृतले बाल कोष सञ्चालक समितिको अध्यक्षता गर्नेछ ।

(६) बाल कोष सञ्चालक समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई बाल कोष सञ्चालक समितिको निर्णय मानिनेछ । तर सदस्यहरूको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन ।

(८) बाल कोष सञ्चालक समितिको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(९) बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**५२. बालकोष परिचालन सम्बन्धी मापदण्डः**

(१) नगरपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा

थाहा पाउने जो कोहीले वडा बालअधिकार समिति वा महानगर बालअधिकार समिति समक्ष लिखित निवेदन दिन वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि वडा बालअधिकार समिति वा महानगर बालअधिकार समितिले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरेपछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने देखिएमा वडा बालअधिकार समिति वा महानगर बालअधिकार समितिले यस कार्यविधिको बालकोष सञ्चालन र व्यवस्थापन समितिमा जानकारी गराउनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा वा सहयोगको सिफारिस भै आएमा आवश्यकता अनुसार बाल कोष सञ्चालक समितिका अध्यक्षले तत्काल बालकोष सञ्चालन समितिको बैठक बोलाउन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको बैठकबाट बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता हो र वडा स्तरीय बालकोषमा रहेको

वजेटको उपलब्धताको अवस्थाको एकीन गरी दफा ५३ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको आवश्यकताका आधारमा बालकोषबाट खर्च व्यवस्थापन गर्न नसक्ने भएमा महानगर बालअधिकार समिति मार्फत सहयोगका लागि महानगरपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भई आएका बालबालिकालाई महानगरले प्रचलित कानुन बमोजिम सहयोग उपलब्ध गराउन सक्नेछ ।

**५३. बाल कोष रकमको खर्च सीमाः**

(१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि एक पटक अधिकतम रू.१२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सहित मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वापत सूचीकृत अस्थायी संरक्षण

सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रति महिना मासिक रू.८ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. १० हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि स्थानीय बालकोष सञ्चालक समितिको निर्णयले अधिक्तम रु. २५ हजारसम्म

(२) सहयोग रकम नगद वा जिन्सीका रुपमा दिन सकिनेछ र नगद सहयोग गर्दा चेक मार्फत सहयोग रकम भुक्तानी गरिनेछ।

(३) बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एकपटक मात्र सहयोग गरिनेछ। तर, विशेष परिस्थितिमा भने समितिको

निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्दार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल बाल कोष सञ्चालक समितिको वैठक बस्न सम्भव नभएमा उपलब्ध समितिका सदस्यहरु मध्ये दुईजनासँग परामर्श गरी निजहरूको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त रु. १०,०००।- दश हजारसम्म सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएता पनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारको लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा र पारिवारिक आर्थिक पृष्ठभूमी कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जिवन नै जोखिममा पर्ने अवस्था रहेको देखिएमा बालकोष

सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र विल भरपाईको आधारमा सम्पूर्ण वास्तिविक खर्च नै उपलब्ध गराउन सक्नेछ ।

(८) बालकोष सञ्चालक समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

५४. **खाताको सञ्चालनः-** बालकोष सञ्चालक समितिको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५५. **कोषको लेखा र लेखा परीक्षणः-** बाल कोषको आयव्ययको लेखा नगरपालिकाले अपनाएको प्रचलित कानून बमोजिम दुरुस्त राखिनेछ ।

५६. **रकम फ्रिज नहुनेः-** प्रचलित कानूनमा जेसुकै लेखिएको भएता पनि बाल कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा बक्यौता रकम फ्रिज हुनेछैन ।

५७. **प्रतिवेदन प्रकाशन गर्नुपर्नेः-**

(१) बाल कोष सञ्चालक समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा नगरकार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

**५८. बालकोषको सचिवालयः-** बाल कोषको सचिवालय महानगरपालिकामा रहनेछ ।

## परिच्छेद-९

## बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिती प्रतिवेदन

**५९. बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरिनेः**

(१) महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डिकृत सूचना संकलन तथा व्यवस्थापन गर्नेछः-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरुको सूचना संकलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरुको सूचना

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका बिरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिम)

(ठ) वैकल्पिक संरक्षणमा रहेका बालबालिकाको विवरण

(ड) महानगरपालिकामा रहेका प्रारम्भिक बाल विकास केन्द्र, बालगृह, पुनःस्थापना केन्द्र र

अस्थायी संरक्षण सेवा केन्द्रहरु र आश्रित बालबालिकाको विवरण

(ढ) सडक बालबालिका सम्बन्धी विवरण

(ण) बालबालिका लक्षित लागु पदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

(त) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण

(णथ) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

(२) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि महानगरपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरुसँग समन्वय गरिनेछ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) को प्रयोग गरिनेछ।

(५) उपदफा (१) बमोजिमको तथ्याङ्कहरुको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ।

(६) बालकल्याण अधिकारीले यस दफा बमोजिम संकलन गरिएको तथ्याङ्कहरुको एकिकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

**६०. बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिनेः**

(१) महानगरपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरुको व्यवस्थापन सम्बन्धी सूचनाहरुको अभिलेखीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमका घटनाहरुको व्यवस्थापन प्रकृयालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (CPIMS) को प्रयोग गरिनेछ।

(३) महानगरपालिकामा आएका बालसंरक्षण सम्बन्धी घटनाहरु बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रकृया सम्बन्धी देहाय बमोजिमका सूचनाहरुको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण

(ख) बालबालिकाको पारिवारिक विवरण

(ग) घटना सम्बन्धी विवरण

(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण

(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण

(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरुको विवरण

(छ) समापन गरिएका घटनाहरुको विवरण

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

**६१. बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरिने:-**

(१) दफा ५९ तथा दफा ६० बमोजिम स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरुको आधारमा स्थानीय बाल अधिकार समितिले महानगरपालिकामा बालबालिका तथा बाल

अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रकाशन गर्नुपूर्व कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद-१०
## विविध

**६२. खारेजी र बचाउः-**

(१) महानगरपालिकाको देहाय बमोजिमको कार्यविधि तथा मापदण्डहरु खारेज गरिएको छः-

(क) बालबालिकाका लागि आपत्कालीन कोष, २०६९

(ख) बाल समूह (बाल क्लब /मचा पुचः) गठन, संचालन तथा सहजिकरण कार्यविधि -२०७८

(ग) बालकोष स्थापना र सञ्चालन कार्यविधि २०७८

(घ) बाल अधिकार समितिको गठन तथा कार्य संचालन सम्बन्धी कार्यविधि- २०७८

(२) उपदफा (१) बमोजिमका कार्यविधि बमोजिम भए गरेको कार्यहरु यसै कार्यविधि बमोजिम भए/गरेको मानिनेछ ।

(३) बालबालिकाका लागि आपत्कालीन कोष, २०६९ को रकम यस कार्यविधि अनुसार स्थापना भएको बाल कोषमा स्वतः सर्नेछ ।

**६३. व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार महानगर कार्यपालिकालाई हुनेछ ।

**६४. संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१
## दफा १६ को उपदफा (१) सँग सम्बन्धित
## बालक्लब दर्ताको निवेदन ढाँचा

मितिः ........................

श्रीमान वडा अध्यक्षज्यू
वडा नं..........., ललितपुर महानगरपालिका
..............

विषयः- बाल क्लब / मचा पुचः दर्ता गरिपाउँ ।

उपरोक्त सम्बन्धमा हामीले ललितपुर महानगरपालिका वडा नं.........अन्तर्गत ................विद्यालय/बस्तिमा बाल क्लब/मचा पुचः गठन गरेकोले उक्त बाल क्लब/मचा पुचः लाई यस महानगरपालिका अन्तर्गत दर्ता गरिदिनुहुनका लागि बाल भेलाको निर्णय प्रतिलिपी सहित बाल क्लबको विवरण तोकेको ढाँचामा पेश गरेका छौं ।

.......................................
नाम
पद
बाल क्लब/मचा पुचको नामः
संलग्नः
बाल क्लब/मचा पुचः दर्ता गर्न आवश्यक कागजात

- बाल क्लब/मचा पुचः को निवेदन
- पहिलो भेलाको निर्णयको माइन्युटको प्रतिलिपी
- सदस्यहरुको विवरण

बाल क्लब/मचा पुचः को विवरण

नाम :...................................

ठेगाना (विद्यालय भए सो को विवरण)

:...........................

बाल क्लब/मचा पुचः को प्रकृती : समुदायमा आधारित / विद्यालयमा आधारित /विशिष्टीकृत

| सि.नं. | पद | पदाधिकारी तथा सदस्यको नाम | उमेर वा कक्षा | लिंग | बसोबासको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची-२**
**दफा १६ को उपदफा (२) सँग सम्बन्धित**
बालक्लब दर्ता प्रमाणपत्रको ढाँचा

ललितपुर महानगरपालिका
वडा नं...............को कार्यालय
बाल क्लब/मचा पुचः दर्ता प्रमाणपत्र

यस ललितपुर महानगरपालिका वडा नं........अन्तर्गत ......................विद्यालय वा टोलमा मिति .....................मा गठन भएको ...................................................... बाल क्लब/मचा पुचः लाई उक्त बाल क्लब/मचा पुचः ले दिएको निवेदनको आधारमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन एकिकृत कार्यविधि २०७९को दफा १६ को उपदफा (२) अनुरुप ...................................... बाल क्लब/मचा पुचः लाई यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता मिति :...............................

............................
वडा सचिव
वडा नं..............

## अनुसूची-३
## दफा २५ को उपदफा (१) र (२) सँग सम्बन्धित

व्यक्ति, परिवार वा संस्थाले नगरपालिकामा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मितिः २०../...../......

श्री महानगर बाल अधिकार समिति,
ललितपुर महानगरपालिका ।
पुल्चोक, ललितपुर ।

**विषयः- वैकल्पिक स्यहारका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ..../ .. गतेको सूचना तथा महानगरपालिकाको बाल अधिकार संरक्षण तथा संवर्द्धन एकिकृत कार्यविधि, २०७९ बमोजिम तहाँ स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहारकका लागि सिफारिस गरिएका बालबालिकालाई वैकल्पिक स्याहार सेवा उपलब्ध गराउन..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... स्थायी ठेगाना भएको..... ..... ..... ..... ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ........ को म ..... ..... ..... ..... ..... र मेरो परिवार इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी

सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको

दस्तखत:

नाम:

फोन न:

निवेदनसँगै संलग्न कागजातहरु

- नागरिकताको प्रमाणीत प्रतिलिपी
- पारिवारिक सदस्यहरुको विवरण
- घर तथा जग्गा-जमिन सम्बन्धी विवरण
- वार्षिक आम्दानी, खर्च र बचतको विवरण
- आम्दानीको स्रोत
- घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र
- शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र

## अनुसूची-४

## दफा २५ को उपदफा (३) सँग सम्बन्धित

## अस्थायी संरक्षण सेवा वा बालगृह वा पुनःस्थापना केन्द्रले सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मितिः २०../...../......

श्री महानगर बाल अधिकार समिति,
ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर ।

**विषयः- वैकल्पिक हेरचाह/अस्थायी संरक्षण सेवा प्रबन्धका लागि सूचीकरण गरिदिने बारे ।**

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, .. बमोजिम तहाँ स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहार/अस्थायी संरक्षण तथा पुनर्स्थापनाका लागि सिफारिस गरिएका बालबालिकालाई संरक्षण सेवाहरू उपलब्ध गराउन यस .... .... .... .... .... .... संस्था वैकल्पिक हेरचाह /अस्थायी संरक्षण/पुनर्स्थापना सेवा प्रदान गर्न इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदक
संस्थाको अध्यक्ष/प्रमुखको दस्तखतः

संस्थाको अध्यक्ष/प्रमुखको नाम  र पदः

निवेदनसँगै संलग्न कागजातहरु

- (सूचीकृत हुनका लागि निवेदन
- संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र
- परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण
- पुनःस्थापना केन्द्रको हकमा नेपाल सरकारको निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण
- संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण
- समाजकल्याण परिषद्को आवद्दता प्रमाणपत्रको प्रतिलिपि
- अनुमानित बजेट तथा आम्दानीका श्रोतहरुको सुनिश्चितता
- अस्थायी संरक्षणको विशिष्टिकृत क्षमताको जानकारी

# अनुसूची-५
## दफा २६ को उपदफा (४) सँग सम्बन्धित
## स्थानीय तहमा सूचीकृत भएको पत्रको ढाँचा

(क) वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा

ललितपुर महानगरपालिका
महानगर बाल अधिकार समिति
पुल्चोक, ललितपुर

मितिः.... .... .... ....

वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्र

बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर महानगर पालिका वडा नं........ टोल....... स्थायी ठेगाना रही हाल ऐऐ/.............प्रदेश................जिल्ला ................ गाँउ/नगर/उपमहानगर/महानगर पालिका वडा नं.......... टोल........बस्ने ..... ..... ..... ..... ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ........ को श्री ........................ लाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मध्ये परिवारको संरक्षणमा संरक्षण व्यवस्थापन गर्न सकिने बालबालिकालाई पारिवारिक संरक्षणमा वैकल्पिक हेरचाहको व्यवस्थापनका गर्नको लागि बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी

एकीकृत कार्यविधि, २०८० बमोजिम यो सूचीकरण प्रमाण-पत्र प्रदान गरिएको छ ।

नामः

पदः

(ख) अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा

ललितपुर महानगरपालिका

महानगर बाल अधिकार समिति

पुल्चोक, ललितपुर

मितिः.... .... .... ....

अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको प्रमाणपत्र

बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं........टोल....... स्थित कार्यालय रहेको श्री ........... संस्थालाई देहायको संरक्षण सेवाका लागि बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८० बमोजिम सूचीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

संरक्षण सेवाको प्रकारः

१. अस्थायी संरक्षण सेवा

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

२. परिवारमा आधारित हेरचाह गर्ने संस्थाः

३. बाल गृहः

४. पुनःस्थापना केन्द्र

दस्तखतः

नामः

पदः

## अनुसूची-६
## दफा ३८ को उपदफा (१) सँग सम्बन्धित
## बाल संरक्षण सेवा अनुगमन प्रतिवेदनको ढाँचा

**१ .पृष्ठभूमिः**

**अनुगमन टोलीः**

**अनुगमनको उद्धेश्यः**

**अनुगमनको विधि, प्रक्रियाः**

**अनुगमन गरिएका संरक्षण सेवाको विवरणः**

| क्रस. | संरक्षण सेवा प्रदायकको नाम | ठेगाना | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १. | नेपाल | थसीखेल | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | | जम्मा | | | |

**२ .अनुगमनको सारांस**

क. दर्ता सम्बन्धमा) संस्था अनुगमनको हकमा

ख. लेखा परिक्षण सम्बन्धमा) संस्था अनुगमनको हकमा

ग. संस्था सञ्चालन गर्ने उद्धेश्य सम्बन्धमा)संस्था अनुगमनको हकमा

घ. बालबालिकाको संख्या तथा अभिभावकको अवस्था सम्बन्धमाः

ङ. बालबालिका संरक्षणमा रहेको भौतिक पूर्वाधार सम्बन्धमाः

च. बालबालिकाको हेरचाह गर्ने व्यक्ति वा परिवारको सम्बन्धमाः

छ. आर्थिक स्रोतका सम्बन्धमाः

ज. अध्ययनरत विद्यालयका सम्बन्धमाः

झ. बालबालिकाको स्वास्थ्य अवस्था सम्बन्धमा

ञ. बालबालिकाको पारिवारिक सम्बन्ध र व्यवहार सम्बन्धमा

**३ .संस्थागत अनुगमनको हकमा खुलाउनुपर्ने विषयहरु**

क. संस्थाको नाम, ठेगाना र विवरण

ख. संस्थाको कानूनी हैसियत र लेखापरीक्षणको अवस्था

ग. संस्थाको भौतिक पूर्वाधारको अवस्था र सेवा सुविधा

घ. संस्थामा बालबालिकाको संख्या भर्ना प्रक्रिया, सिफारिस, शिक्षा, स्वास्थ्य तथा संरक्षणको अवस्था

- स्थायी ठेगाना सम्बन्धमाः
- सिफारिस सम्बन्धमाः
- उमेर सम्बन्धमाः

➢ विद्यालय सम्बन्धमाः

ङ.कर्मचारी, मानव संशाधन तथा नीति सम्बन्धी

च,आर्थिक स्रोतः

**४. निश्कर्षः**

**५. सुधारका लागि विगतमा दिइएको निर्देशन तथा सुझावहरु र कार्यान्वयनको अवस्था**

| क्र.स. | विगतको अनुगमन मिति | दिइएका निर्देशन तथा सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**६. हालको अनुगमनबाट दिइएका सुझाव तथा निर्देशनः**

क बालबालिकाको संरक्षण सेवा सम्बन्धमा

ख भौतिक पूर्वाधार ,आर्थिक व्यवस्थापन ,अभिलेखीकरण , सांस्कृतिक अधिकार सम्बन्धी मापदण्डको अवस्था

**७. स्थानीय बाल अधिकार समितिका लागि सिफारिसहरु**

**अनुगमनकर्ताको दस्तखत १-ः**

२-ः

३-ः

## अनुसूची-७
## दफा ४५ सँग सम्बन्धित
## बाल विकास केन्द्रको कर्मचारीले पालन गर्नुपर्ने बाल संरक्षण मापदण्ड

(क) बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू)अपनाउने ।

(ख) बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सूनिश्चितता गर्ने ।

(घ) शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकासँग व्यबहार गर्दा उनीहरूको विशेष र थप संवेदनशीलतालाई ख्याल गर्नुपर्ने ।

(ङ) बालबालिकाको गोपनीयता कायम गर्न उच्च सर्तकता अपनाउने,

(छ) बालबालिकाको तस्विर तथा भिडियो प्रयोग गर्दा अविभावक वा संरक्षकको सहमतिमा मात्र फोटो, भिडियोहरु प्रयोग गर्ने ।

(ज) बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य नगर्ने ।

(झ) बालबालिकासँग यौनजन्य शव्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप नगर्ने ।

(ञ) बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक एक्ला-एक्लै भेटघाट गर्ने, खेलाउने तथा एकान्तमा नबस्ने ।

(ट) कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका शिशु स्याहारमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्ने, नगराउने ।

(ठ) केन्द्रमा सहभागी बालबालिकाको सरिसफाइ, सुरक्षा र समयमा पोषीलो स्वस्थ खानाको निम्ति सचेत र सक्रिय रहने ।

(ड) महानगर बाल अधिकार समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**प्रमाणीकरण मिति**
२०८०/१२/०२

**आज्ञाले**
वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत